नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड, टेकु, काठमाडौं ।

# कार्यालय सामाग्री ढुवानी,रिप्याकिङ तथा वितरण सम्बन्धी

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित भएको मिति : २०७९।११।३०)**

१.नेपाल सरकार, स्वास्थ्य बीमा बोर्ड, टेकु, काठमाडौले कार्यालय सामाग्री ढुवानी,रिप्याकिङ तथा वितरण सम्बन्धी कार्य गर्नका लागि इच्छुक र योग्यता पुगेका व्यक्ति/फर्म/सप्लायर्स/कम्पनीहरुबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं (पन्ध्रौं) दिन पुग्ने मिति २०७९।१२।१४ गते ५:०० बजे भित्रमा सिलवन्दी दरभाउपत्र स्वास्थ्य बीमा बोर्ड, टेकु, काठमाडौंमा पेश गर्न आह्वान गरिन्छ। साथै Bid Security रकम ,फारमवापत शुल्क र सिलवन्दी दरभाउपत्रको मान्य अवधि निम्न तालिका अनुसार हुनेछ।

| Contract ID No. | Name of Procurement | Bid Security Nrs. | Document Fee Nrs. | Bid Validity Period |
|---|---|---|---|---|
| HIB/G/NCB/2079-80/02 | कार्यालय सामाग्री ढुवानी,रिप्याकिङ तथा वितरण सम्बन्धी कार्य | ५०,८००/- | १०००/- | ४५ दिन |

२.सिलवन्दी दरभाउपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि यस बोर्डको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन् :
**स्वास्थ्य बीमा बोर्ड, टेकु, काठमाडौं, सम्पर्क नं : ०१-४१००२२३, ४१००२२४,** इमेल ठेगाना : info@hib.gov.np साथै यो सूचना website:www.hib.gov.np बाट पनि हेर्न सकिनेछ।

३.सिलवन्दी दरभाउपत्रदाताले कारोवारको दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्र समेतको प्रतिलिपि संलग्न राखी पेश गर्नुपर्नेछ।

४.सिलवन्दी दरभाउपत्रदाताले माथि उल्लेख भए अनुसारको Bid Security रकम नगदै जम्मा गरेमा को.ले.नि.का. त्रिपुरेश्वरको नाममा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, टेकु, काठमाडौंको धरौटी खाता नं. १७००१००१०२०३०००० , कार्यालय कोड नं. ३७०३१३५०१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तिमा ७५ दिन म्याद भएको इजाजत प्राप्त कुनैपनि बाणिज्य बैंक वा बित्तीय सँस्थाबाट यस बोर्डको नाममा जारी भएको सोही रकम बराबरको दरभाउपत्र जमानत (बिडबण्ड) को सक्कलै पत्र संलग्न गरी लिबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।

५.सिलवन्दी दरभाउपत्रदाताले माथि उल्लेख भए अनुसारको दरभाउपत्र दस्तुर (Bid Document) बापतको रकम यस बोर्डको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, टेकु, काठमाडौको बैंक खाता नं. १०००१००२०००१०००० , राजस्व शीर्षक नं. १४२२९, कार्यालयको कोड नं.३७०३१३५०१ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गरी सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।

६.कार्यालय सामाग्री ढुवानी,रिप्याकिङ तथा वितरणसग सम्बन्धी कार्य गर्न चाहने संस्थाहरुको बिगत ३ आ.व.को औषत वार्षिक कारोबार न्यूनतम रु.१० लाख हुनुपर्नेछ र कम्तीमा कुनै एक सरकारी संस्थाको वार्षिक रु.२ लाख भन्दा माथिको ढुवानी सम्बन्धी कार्य अनिवार्य रुपमा गरेको हुनुपर्नेछ। साथै विगत ३ **आ.व.भित्र कम्तीमा कुनै एक सरकारी संस्थाको वार्षिक रु.२ लाख भन्दा माथिको ढुवानी सम्बन्धी** कार्य गरेको हुनुपर्नेछ।

७.सिलबन्दी दरभाउपत्र पेश गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिनको सोही समयमा हुनेछ। तोकिएको म्याद भित्र प्राप्त भएका दरभाउपत्रहरू मिति **२०७९।१२।१५ गते अपरान्ह २:०० बजे** दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहबरमा यस बोर्डको कार्यालयमा खोलिनेछ। तर सिलवन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र सिलवन्दी दरभाउपत्र खोल्न बाधा पर्नेछैन।

८.सिलवन्दी दरभाउपत्र फारममा उल्लेख भएका निर्देशनहरुको अनिवार्य रुपमा पालना गरी दरभाउपत्र भरी पेश गर्नु पर्नेछ। यसरी प्राप्त हुन आएका दरभाउपत्र स्वीकार गर्ने र रद्द गर्ने सम्पूर्ण अधिकार यस बोर्डलाई हुनेछ।

९.सिलबन्दी दरभाउपत्र पेश गर्न इच्छुक दरभाउपत्रदाताहरुले सिलबन्दी दरभाउपत्र फारम लिनको लागि स्वास्थ्य बीमा बोर्ड, टेकु, काठमाडौबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।

१०. सिलवन्दी दरभाउपत्र पेश गर्दा आफूले पेश गर्ने रकम अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ। यस दरभाउपत्र सम्बन्धी अन्य प्रावधान सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम हुने र थप विस्तृत जानकारी दरभाउपत्र फारममा उल्लेख भए अनुसार हुनेछ।

११.स्वास्थ्य बीमा बोर्ड जिल्ला सम्पर्क शाखा कार्यालयमा सामाग्री पुर्‍याई हस्तान्तरण फारम बुझाएको प्रमाणित कागजात प्राप्त भएको आधारमा मात्र सम्झौता अनुसारको रकम भुक्तानी गरिनेछ।